# गरिबी न्यूनीकरणको बाटोमा सामुदायिक वन

**राधाकृष्ण कोइराला**

नवलपरासी जिल्लाको रजहर गा.वि.स., वार्ड नं. ८ स्थित चौतारा भन्ने ठाउँमा छ जसको नामबाट २०५२ सालमा चौतारी सामुदायिक वनको गठन भई वन व्यवस्थापन हुँदै आएको छ जसको क्षेत्रफल ३५४.७ हेक्टर छ । यस सामुदायिक वनको पूर्वमा झराही खोला, पश्चिममा धुसेरी सामुदायिक वन, उत्तरमा अदन बन्दीपुर सामुदायिक वन र दक्षिणमा नारायणी नदी पर्दछन् ।

यस समूहको कार्य समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, सह सचिव र ८ सदस्यहरू गरी जम्मा १३ जनाको कार्य समिति छ । उक्त समितिमा चार जना महिला सदस्यहरु छन् जसमा एक जना सचिव पदमा कार्यरत हुनुहुन्छ । दैनिक कार्य सञ्चालनका लागि कार्यालय सहायक एक र एक जना वन हेरालु समेत राखिएको छ । समूहको आय व्यय मासिक रुपमा हेर्नका लागि पाँच सदस्यीय लेखा समिति समेतको गठन गरिएको छ । त्यस्तै उपभोक्ताले लगेका काठ दाउरा सही सदुपयोग भयो भएन भनेर रेखदेख गर्नका लागि एउटा अनुगमन समिति गठन गरिएको छ । त्यस्तै समूहलाई समुन्नत बनाउदै लैजानका खाँतिर सल्लाहकार समितिको पनि व्यवस्था गरिएको छ । खेलकुदलाई पनि समूहको अभिन्न अङ्गको रुपमा मानी खेलकुद उप समिति समेत गठन भएको छ जसले समय समयमा खेलकुदको आयोजना गरी युवा वर्गलाई खेल खेल्न प्रोत्साहन गरेको पाइन्छ ।

यस सामुदायिक वनको कार्ययोजना अनुसार प्रत्येक वर्ष ४००० क्यू.वि. फिटसम्म गोलाई काठ झिक्न सकिने कानुनी प्रावधान राखिएको छ । यस सामुदायिक वनको सदुपयोग माघ महिनादेखि चैत्र–बैशाख महिनासम्म गर्ने गरिन्छ । वर्षको तीन पटक उपभोक्ताहरूलाई सुविधा होस् भन्नाका लागि दाउरा सङ्कलनको लागि खोल्ने गरिएको छ भने घाँस नौ महिनासम्म खुला गरिन्छ । यस समूहको वार्षिक आम्दानी रु. १० लाखको हाराहारीमा हुने गर्दछ जसको आम्दानीको मुख्य स्रोत नै काठ हो । चिरान काठको प्रति क्यू.वि.फुट रु. ३००।- लिई उपभोक्ताहरूलाई बिक्रि गरिन्छ भने गोलिया रु. २००।-, जर्ना रु. ८०।- प्रति क्वीन्टल, बाक्कल प्रति क्वीन्टल रु. २००।- लिई बिक्री वितरण गरिन्छ । यस समूहले ओगटेका क्षेत्रमा बसोबास गर्ने कुनै उपभोक्ता अथवा उसका परिवारका व्यक्तिहरूको स्वर्गारोहण भएको खण्डमा पाँच क्वीन्टल दाउरा निःशुल्क दिने गरिन्छ ।

यस समूहले आम्दानी भएको रकमको २५% संरक्षणको लागि लगानी गरी वनलाई हराभरा पार्ने प्रयास गर्दै आएको छ । समूहबाट बाटो, सिँचाई, खानेपानी, पुल, स्वास्थ्य, शिक्षामा लगानी गर्नुका साथै गरिबी न्यूनीकरणमा टेवा पुऱ्याउन चर्खा, मौरीपालन, घुम्ती बाखापालन, जडीबुटी, गोवर ग्याँस प्लान्ट जस्ता कार्यक्रमहरू समूहले गर्दै आएको छ । हालसम्म चर्खा २० जनालाई, मौरी पालन १३ जनालाई, घुम्ती बाखापालन १४० जनालाई र गोवर ग्याँस ४३ जना उपभोक्ताहरूलाई दिई सकिएको छ भने जडीबुटी सङ्कलन गरी बजारसम्म पुऱ्याउने व्यवस्था मिलाइएको छ । गत आर्थिक वर्ष २०६१/२०६२ देखि समूहका उपभोक्ताहरूको सम्पन्नता स्तरीकरण गरी सोही आधारमा १६ जना व्यक्तिलाई निःशुल्क साधारण उपभोक्ता सदस्यता प्रदान गरियो भने यस आर्थिक वर्षमा २० जनालाई निःशुल्क सदस्यता दिइएको छ । गत वर्ष निःशुल्क उपभोक्ता बनाइएका सदस्यहरूलाई तालिम दिई चर्खा वितरण गरिएको थियो । न्यून आय भएका उपभोक्तालाई दिइएको चर्खाबाट उनीहरूले केही भए पनि आय आर्जन गरेको पाइन्छ । फुर्सदको समयमा घाम पानीमा आफ्नो घरैमा बसी बसी सजिलैसँग काम गर्न सकिने यो चर्खा उपयोगी देखिएको छ ।

समूहमा काम गर्न सजिलो होस् भन्नाका लागि फरेष्टएक्सन नामक संस्थाको सहयोगमा हाल यो समूहले सबै घरधुरीलाई समेटिने गरी ४१ ओटा टोलको निर्माण गरेको छ। प्रत्येक टोलबाट एक जना पुरुष र एक जना महिला गरी दुई जना टोल प्रतिनिधिको छनोट गरिएको छ। यसरी छानिएका ८२ जना प्रतिनिधिबाट एक गरिवी न्यूनीकरण उप–समितिको समेत गठन गरिएको छ।

यस चौतारी सामुदायिक वनलाई आगामी पाँच वर्ष भित्रमा कस्तो स्तरमा पुऱ्याउन सकिन्छ भनेर पञ्च वर्षीय कार्य योजनाको समेत परिकल्पना गरिएको छ। उक्त कार्य योजनामा निम्न विषयहरुमा केन्द्रीत रही निम्नानुसार कार्यरम्भ गरिने भएको छ:

(क) आय आर्जन र गरिबी न्यूनीकरण,
(ख) समन्वय र संचार,
(ग) वन व्यवस्थापन,
(घ) संस्थागत परिपाटी,
(ङ) वन पैदावर सङ्कलन तथा वितरण,
(च) सामुदायिक विकास।

उल्लेखित बुँदाहरूलाई आधार मानी आगामी वर्षहरूमा समूहले कार्य गर्दै जाने निर्णय गरेको छ। अहिले यस समूहले समेटेका ९५० घरधुरी भए तापनि गरिबीको कारण सबै घरधुरीका व्यक्तिहरू उपभोक्ता बन्न नसकी १०० घरधुरी मात्र उपभोक्ता छन् भने बाँकी घरधुरीलाई प्रति वर्ष २० जनाका दरले नि:शुल्क उपभोक्ता सदस्य दिई सबैलाई समेटी लैजाने कोसिस गरिएको छ। समूहको मुलभूत उद्देश्य गरिबी न्यूनीकरण नै भएकाले सरोकारवाला संस्था जस्तै जिल्ला वन कार्यालय, फेकोफन, सहमति संस्था गैंडाकोट, फरेष्टएक्सन नामक संस्थाहरूसँग परस्पर सर्म्पक राखी कार्य गर्ने समूहको अठोट रहेको छ। यसरी यस समूहले गरिबी न्यूनीकरण शीर्षक अन्तर्गत लगानी गरेका मौरीपालन, बाखापालन, गोवरग्याँस प्लान्ट, चर्खा समेतका कार्यबाट जनताले लाभ पाएको समूहले महसुस गरेको हुँदा उपरोक्त कार्यलाई निरन्तरता दिदै जाने निर्णय भएको छ। त्यसै गरेर आर्थिक वर्षदेखि जडीबुटी नर्सरीको स्थापना गरी समूहको खाली ठाउँमा वृक्षारोपण गर्ने र समूह भित्रका उपभोक्ताले जडीबुटी खेती गर्न चाहेमा उनीहरूलाई समेत प्रोत्साहन दिई बजार व्यवस्थाको वातावरण बनाउन सहयोग गर्ने समूहको योजना छ। यसरी यस समूह भित्र आवद्ध भएका सम्पूर्ण उपभोक्तालाई पाँच वर्ष भित्र गरिबीको रेखाबाट केही माथि उकास्ने प्रतिवद्धताका साथ समूह अगाडि बढ्दै गरेको छ।

(लेखक श्री चौतारी सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष हुनुहुन्छ।)